annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १४१, पृष्ठ १० | काठमाडौं, शुक्रबार [illegible] | FRIDAY, SEPTEMBER 18, 2026 | मूल्य : रु. १०

# बेलगाम बजार भाउ

चाडपर्व नजिकिँदै गर्दा काठमाडौं उपत्यकासहित देशैभर दैनिक उपभोग्य वस्तुको मूल्य निरन्तर बढेपछि सर्वसाधारणको भान्सा अत्याधिक महँगो बनेको छ। होलसेल व्यापारीको बदमासी, कमजोर सरकारी अनुगमन र बाढी-पहिरोका कारण आपूर्तिमा आएको अवरोधलाई देखाउँदै व्यापारीहरूले मनपरी मूल्य लिँदा सीमित आम्दानी भएका तथा दैनिक ज्यालादारी गर्ने परिवार सबैभन्दा बढी प्रभावित बनेका छन्।

**भवनाथ प्याकुरेल** | *काठमाडौं*

समाचार पृष्ठ १

गत ६ महिनामा खाद्यान्नमा भएको मूल्यवृद्धि (रु.)




# जसले स्वागतमा तँछाडमछाड गरे, उनैले देउवाको साथ छोडे

**राधा खनाल** | *काठमाडौं*

कांग्रेस पूर्वसभापति शेरबहादुर देउवाको राजनीतिक यात्रामा एउटा रोचक विरोधाभास देखिएको छ। सिंगापुरबाट फर्किँदा विमानको समयसमेत परिवर्तन गराएर विमानस्थलमा स्वागत गर्ने नेताहरू धमाधम देउवाको साथ छाडेर पार्टी सभापति गगन थापा नेतृत्वको संरचनातर्फ लागेका छन्।

देउवा उपचारका लागि सिंगापुरमा रहेका बेला सुरुमा २६ साउन राति ९:४५ बजे काठमाडौं फर्किने कार्यक्रम थियो। तर, केही नेता-कार्यकर्ताले विमानस्थलमा स्वागत गर्न ठूलो संख्यामा उपस्थित हुन पाउनुपर्ने आग्रह गरेपछि उनको उडान २८ साउन दिउँसो १२:२५ बजे सारिएको थियो। तत्कालीन कांग्रेस नेता प्रकाशशरण महतले यसको पुष्टि गर्दै भनेका थिए, 'सबैले दिउँसो आउनुपर्छ भनेपछि संशोधन भयो।'

२८ गते देउवा काठमाडौं ओर्लिँदा विमानस्थलमा उनलाई स्वागत गर्ने नेतामध्ये अग्रभागमा पूर्णबहादुर खड्का, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधि, प्रकाशशरण महत, कान्छाराम तामाङ; मीनबहादुर विश्वकर्मा, जितजंग बस्नेतलगायत थिए। त्यतिबेला देउवाको राजनीतिक शक्ति प्रदर्शनका रूपमा स्वागतलाई हेरिएको थियो। तर, त्यसअघि नै असार २२ मा चुनदेवीमा देउवा पक्षले छुट्टै सम्पर्क कार्यालय स्थापना गरिसकेको थियो। कार्यालय स्थापनामा नेता कान्छाराम तामाङको सक्रिय भूमिका थियो। त्यसलाई देउवा पक्षले सुरुमा १५औं महाधिवेशनको तयारी र समन्वय कार्यालय भनेको थियो। चुनदेवीबाटै पछि देउवालाई सभापतिका रूपमा प्रस्तुत गर्ने राजनीतिक सन्देश बलियो हुँदै गयो। देउवा पक्ष र गगन थापा नेतृत्वबीच नेतृत्वको वैधताको विवाद चर्किँदै गयो।

### 'म हिन्दु हुँ' ले थपियो नयाँ विवाद

साउन ३१ गते सुकेधारामा आफ्नो पक्षको राष्ट्रिय भेलाको समापनमा देउवाले तीनपटक दोहोऱ्याए, 'म हिन्दु हुँ, हिन्दु हुँ, हिन्दु हुँ।' त्यसै भेलाले सनातन धर्मलाई राष्ट्रको पहिचानका रूपमा अघि बढाउने प्रस्ताव पारित गऱ्यो। प्रस्तावमा हिन्दु, बौद्ध, किरात तथा प्रकृति धर्मको संरक्षण र धार्मिक स्वतन्त्रताको कुरा पनि समेटिएको थियो।

देउवाको उक्त अडानप्रति राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्तिहरूको हात भएको स्पष्ट आभास हुने देउवानिकटकै एक नेता बताउँछन्। 'त्यसले नकारात्मक प्रभाव के पऱ्यो भने सिंगापुरबाटै सबै तारतम्य मिलाएर ल्याउने र यहाँ पनि हिन्दुका विषयमा बोल्न लगाउने कुनै शक्ति पक्कै छ भन्ने उहाँनजिकैका साथीहरूले बुझे र छोड्दै गए,' ती नेताले भने। तर, यही विषयले देउवा समूहभित्र ठूलै विवाद सिर्जना गऱ्यो। कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधि, प्रकाशमान सिंह र मीनबहादुर विश्वकर्माले प्रस्तावको विरोध गरे। धर्मसम्बन्धी विषयमा सहमति नहुँदा सम्मेलनको अन्तिम दस्तावेज र पत्रकार सम्मेलनसमेत प्रभावित भयो।

नेता विश्वकर्माले त्यतिबेलै भनेका थिए, 'धर्मको विषयमा सहमति हुन सकेन। सहमति नभएपछि अन्तिम दस्तावेज सार्वजनिक गर्ने पत्रकार सम्मेलन स्थगित गर्नुपऱ्यो।' यसरी देउवाको व्यक्तिगत धार्मिक आस्था र त्यसलाई राजनीतिक प्रस्तावमा रूपान्तरण गर्ने प्रयासले आफ्नै समूहभित्र वैचारिक असहमति सतहमा ल्यायो।

### सिटौला: स्वागतदेखि असहमतिसम्म

विमानस्थलमा देउवालाई स्वागत गर्ने वरिष्ठ नेता सिटौला केही दिनपछि भने देउवाकै सनातन लाइनमा असहमत देखिए। तर, उनी अझै पनि देउवाबाट अलग भएका छैनन्। यसले कांग्रेसभित्रको विवाद केवल देउवा छाड्ने वा देउवासँग रहने विषय मात्र नभई देउवा समूहभित्रै राजनीतिक दिशा र संविधानको धर्मनिरपेक्ष व्यवस्थाबारे मतभेद रहेको देखिन्छ।

सिटौला अहिले अर्को अप्ठ्यारो मोडमा छन्। उनलाई आफूले बोलेको बोली पनि भारी परेको छ। उनले साउन २९ को राष्ट्रिय भेलालाई सम्बोधन गर्दै भनेका थिए, 'हाम्रा भाइ हुन् गगन थापा। भाइभन्दा अन्यथा नहोला, सभापति भन्न मलाई पटक्कै मन लागेको छैन। विशेष महाधिवेशनलाई मान्यता दिनै सकिएको छैन। त्यो अवैधानिक छ, अराजक ढंगले गरिएको छ।' जबकि २०७२ को १३औं महाधिवेशनमा सिटौलाले आफ्नै समूहबाट गगनलाई महामन्त्रीको उम्मेदवार बनाएका थिए। अहिले उनलाई सभापति स्वीकार्न अझै सकस परिरहेको उनीनिकट नेता बताउँछन्। 'शेरबहादुर दाइले उहाँलाई राष्ट्रियसभाको सदस्य बनाएर गुण लगाउनुभएको छ। त्यसै कारण साथ छोडिहाल्न नसक्नुभएको हो,' उनीनिकट एक नेताले भने, 'उहाँ देउवा पक्षका कार्यक्रममा पनि देखिन खासै चाहनुहुन्न। अझै हामीलाई के लाग्छ भने मनमनै गगन थापातिरै आउन मन छ उहाँलाई। आफ्नै बोली भारी भएको मात्रै हो। ढिलो-चाँडो आउनुहुन्छ।'

देउवाका सबैभन्दा निकट सहयात्रीमध्येका पूर्णबहादुर खड्का पछिल्लो चरणमा देउवाबाट टाढिए। त्यसपछि महालक्ष्मी उपाध्याय 'डिना', सुरेन्द्र पाण्डे, इन्द्रबहादुर बानियाँ, जीवनबहादुर शाही, श्याम घिमिरे, मीनबहादुर विश्वकर्मा, रामहरि खतिवडालगायत नेताहरूले पनि देउवा पक्ष छाडे। अन्ततः देउवा पक्षका करिब ५० नेता थापा नेतृत्वको कार्यसमितिमा समाहित भए। थापानिकट एक पदाधिकारी भन्छन्, 'उहाँहरूका माग सम्बोधन भएपछि पनि देउवा दाइ एकताको पक्षमा नदेखिएपछि बाँकी साथीहरू सानेपा जाने निष्कर्षमा पुग्नुभएको जस्तो लाग्छ।'

### मीन विश्वकर्मा: स्वागतकर्तादेखि एकताको पक्षमा

देउवा फर्कने उडान दिउँसो सार्नुपर्ने पक्षमा उभिएका र विमानस्थलमा स्वागत गर्ने नेतामध्येका एक मुख्यपात्र विश्वकर्मा अहिले देउवा समूहबाट बाहिरिएका छन्। उनी बिहीबार पार्टी कार्यालय सानेपा पुगे। उनीसहितका नेताहरूले पार्टी विभाजन रोक्न सार्वजनिक रूपमा दबाब दिएका छन्। 'शेरबहादुर दाइ प्रमुख अतिथि भई महाधिवेशन उद्घाटन गरेर तथा शेखर र पूर्ण दाइ वरिष्ठ नेताका रूपमा बसेर पार्टीमा एकता कायम गर्न सकिने विकल्प बाँकी नै छ। त्यसका लागि संवाद टुटाउनु हुन्न,' विश्वकर्माले भने, 'उहाँले सभापति रहेको दाबी गर्नुभएको छ, हामी सर्वोच्च नेता बनाउँछौं। देउवाले कुनै न कुनै नेतालाई नेतृत्व हस्तान्तरण गर्नुहुन्छ।'

यसैबीच गगन नेतृत्वले देउवा नेतृत्वको पुरानो केन्द्रीय कार्यसमितिका सदस्यलाई समायोजन गर्ने निर्णय गरेपछि ५१ जनाको ठूलो समूह देउवाको साथ छाडेर महाधिवेशन प्रक्रियामा सहभागी हुने बाटोमा लाग्यो।

### अन्ततः प्रश्न हिन्दुको मात्र रहेन

देउवाको 'म हिन्दु हुँ' अभिव्यक्ति उनको पछिल्लो राजनीतिक यात्राको चर्चित प्रतीक बनेको छ। तर, उनका पुराना सहयात्रीहरू टाढिनुको कारणलाई केवल धार्मिक एजेन्डासँग जोड्नु अपूर्ण हुने नेताहरू बताउँछन्।

» बाँकी पृष्ठ ६

वैज्ञानिकहरूको निष्कर्ष:

# जलवायु परिवर्तनकै कारण भोटेकोशी बाढी

**जलवायु न्यायका लागि अन्नपूर्ण**

**नितु घले** | *काठमाडौं*

वैज्ञानिकहरूले भोटेकोशी घटनामा जलवायु परिवर्तनको मुख्य भूमिका रहेको खुलासा गरेका छन्। वर्ल्ड वेदर एट्रिब्युसनका अनुसार विश्वभरिका वैज्ञानिकहरूसँगको परामर्शपछि उनीहरूको निष्कर्ष सार्वजनिक भएको हो। वर्ल्ड वेदर एट्रिब्युसनले यस्ता घटनाहरूको पछाडि जलवायु परिवर्तनको भूमिकाबारे दशकौंदेखि वैज्ञानिक प्रमाणहरू खोज्दै आएको छ।

वैज्ञानिकहरूले भोटेकोशीमा बाढीअघि २ लाख वर्गमिटर हिमनदी भत्किएको र त्यसबाट ११ करोड घनमिटर हिउँ र बरफको ढिक्कासहितको पहिरो गएको बताएका छन्। उक्त क्षेत्रमा पहिरो खस्नुभन्दा पहिला असामान्य रूपमा तापमान बढेको उनीहरूको निष्कर्ष छ। बाढीको पछाडि जलवायु परिवर्तनको मुख्य योगदान रहेको भन्न सक्ने आधार तय भएको उनीहरूको भनाइ छ। अनुसन्धानमा संलग्न इम्पेरियल कलेज लन्डनका जलवायु विज्ञानकी प्राध्यापक फ्रेडरिक ओटोले हिमपहिरो, भारी वर्षा र उच्च तापक्रमलगायत दर्जनौं विषयहरू अध्ययन गरेर यस्तो निष्कर्ष निकालेको बताएकी छन्।

उट्रेच नेदरल्यान्ड विश्वविद्यालयका प्राध्यापक तथा माउन्टेन हाइड्रोलोजिस्ट वाल्टर इमर्जलले भोटेकोशीमा बाढी आउनुको कारण माउन्टेन हाइड्रोलोजिस्ट इमर्जलले हिमनदी र चट्टानको पूरै निगरानी गर्न सजिलो नभएकाले क्षेत्रीय स्तरबाट निगरानी गर्न सुझाएका छन्।

एउटा मात्रै नभएको दाबी गरेका छन्। इमर्जलका अनुसार उक्त क्षेत्रमा सन् २०१५ को भूकम्पको प्रभाव, पर्माफ्रस्टमा ह्रास (२ वर्षभन्दा बढी समय जमेर बसेको जमिन, नेपालको हकमा ५२०० मिटरमाथि), हिमनदी पातलिने समस्या तथा तापक्रममा आएको फेरबदल जस्ता कारणले बाढी आएको हो।

प्रभावित क्षेत्रमा चट्टान खस्ने प्रक्रिया करिब ५ हजार १५० मिटर उचाइमा भएको छ। कतिपय प्रक्रियाहरू वर्षौंदेखि सक्रिय रहेको हुनसक्ने उनले बताए। त्यसैगरी सन् २०१५ मा गोरखा भूकम्पले पहिरो जान सक्ने अवस्थामा पुऱ्याएको अनुमान उनको छ। भूकम्पले चट्टानको संरचनालाई कमजोर बनाएकाले पनि पहिरो जान प्रेरित गरेको हुनसक्छ। पर्माफ्रस्टमा ह्रास आएको छ र पर्माफ्रस्ट तापक्रम वृद्धिसँगै संवेदनशील बन्छ।

» बाँकी पृष्ठ ६